## मिती २०७५ साल जेष्ठ २४ गतेको वीरेन्द्रनगर नगरपालीका नगरकार्यपालीकाको बैठकको निर्णयहरु

**निर्णय न १:**

यस नगरपालिकाको आ.व ०७५।०७६ को नीति,बजेट,योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा वीरेन्द्रनगरका १६ वटा वडाहरुबाट तपसिलका मार्गदर्शनका आधारमा वडा तथा नगर तहका योजना तथा कार्यक्रम तर्जुमा गर्न वडा समितीहरुलाई पत्राचार गर्ने ।

**तपशिल :**

१.प्रत्येक वडाका लागी १ करोड ३० लाख को वडा विकास तथा सेवा प्रवाहका योजना तर्जुमा गरी वडालाई सिलिङ्ग प्रदान गर्ने ।

२.वडा स्तरको योजना तर्जुमा गर्दा कम्तीमा एक वटा ३० लाख भन्दा ठुला वडा गौरवका योजना तर्जुमा गर्नुपर्ने ।

३.साना पुर्वाधार योजना निर्माण गर्दा ५ लाख भन्दा साना योजना नबनाउने ।

४.स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ बमोजिम वडा समितीले गर्नुपर्ने सम्पुर्ण कामका लागी वडा तहबाट बजेट विनियोजन गर्नुपर्ने ।

५.योजना छनौट गर्दा उपभोक्ताले ३० प्रतिशत भन्दा बढि लागत तथा श्रमदान दिने योजनालाई उच्च प्राथमिकता दिदै बजेट तथा योजना तर्जुमा दिर्ग्दशन २०७४ ले तोकेका प्राथमिकताका क्षेत्रका आधारमा छनौट गर्ने ।

६.हरेक वडाबाट एक वटा रु.१ करोड भन्दा बढि लगानी हुने नगरगौरवको योजना छनौट गरि पठाउने ।

७.बजेट तथा योजना तर्जुमा दिर्ग्दशन २०७४ मा उल्लेखित ५ वटा क्षेत्रका लागी एकिकृत रुपमा स्थानीय आवश्यकताका आधारमा दिगोहुने प्रकृतिका योजनाहरु शिर्षकगत रुपमा भिन्दाभिन्दै छनौट गरि ७ दिन भित्रमा नगरकार्यपालीका पठाउने ।

**निर्णय न २:**

नेपाल सरकार बाट यस नगरपालीकाका लागी प्रस्तावित तेरिजमा उल्लेखित दरबन्दी लाई आधार मानी जिल्ला कर्मचारी व्यवस्थापन समितीको निर्णयानुसार जिल्ला समन्वय समितीमा कार्यरत कर्मचारीहरुलाई काज खटाईएकोमा यी कर्मचारीहरुको हाजिरि सम्बन्धमा छलफल गर्दा वर्तमान नगरपालीकामा कार्यरत कर्मचारीको अवस्था लाई मध्यनजर गरि राय आगामी बैठकमा पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितीलाई जिम्मेवारी दिने ।